शान्त, समृद्ध, स्वावलम्बी आधुनिक नेपाल निर्माण गर्न हाम्रो आव्हान,
विभेद, बेरोजगारी र भ्रष्ट्राचारको अन्त्यका लागि 'हात मिलाएको' चिन्हमा मतदान !

# राष्ट्रिय जनमुक्ति पार्टी
## (RASTRIYA JANAMUKTI PARTY)



### चुनाव चिन्ह 'हात मिलाएको'

## प्रतिनिधि सभाको निर्वाचन - २०८२

## नागरिक सम्बोधन-पत्र (नेपाली भाषा)


**राष्ट्रिय जनमुक्ति पार्टी**

केन्द्रीय प्रकाशन विभाग

janamukti48@gmail.com

Facebook.com/janamukti, Twitter.com/janamukti

www.facebook.com/Rastiya Janamukti Party

www.janamukti.org

आदरणीय दाजुभाई तथा दिदीबहिनीहरू ।

२०८२ फागुन २१ गतेको लागि तय भएको प्रतिनिधि सभाको निर्वाचनमा प्रत्येक नेपालीले आफ्नो नागरिक चेतना र दायित्व पुरा गर्नु पर्ने अवस्था आएको छ। नेपाललाई शान्त, समृद्ध, स्वावलम्बी, आधुनिक राष्ट्रिय एकताको सुत्रमा बाँधिएको सक्षम राष्ट्रको रूपमा विकसित गर्ने परिकल्पना बोकेर ३६ वर्ष अघि जन्मेको राष्ट्रिय जनमुक्ति पार्टीको तर्फबाट यस निर्वाचनमा चुनावी घोषणा पत्रको रूपमा यो **नागरिक सम्बोधन-पत्र** लिएर आएका छौं। आफ्नो नागरिक चेतना प्रयोग गरी उचित निर्णय गर्नु हुने अपेक्षा र आह्वान समेत गर्दछौं।

## १) देश कहिले समृद्ध बन्छ?

कुनै पनि मूलुक समृद्ध हुन सबै भन्दा आधारभूत शर्त राष्ट्रिय एकता र विश्वास हो। बहुजातीय, बहुभाषिक, बहुसाँस्कृतिक र बहुधार्मिक विशेषता भएको मूलुक भएकोले नेपालमा '**सबैको साथ, सबैको विकास**' भन्ने मूल मान्यता बोकेको शासन चाहिएको छ। त्यो शर्त पूरा गर्ने संघीय लोकतान्त्रिक मोडेलको लागि हामी प्रतिबद्ध छौं।

## २) अहिलेको संघीय मोडेल ठीक छ ?

नेपालमा विकास, समृद्धि र राष्ट्रिय एकताको राजनीतिक प्रस्ताव ल्याउने पार्टी राष्ट्रिय जनमुक्ति पार्टी हो। संघीयताको मूल प्रस्तावक र वकालतकर्ता भएको नाताले, हामी के भन्छौं भने, संविधान-२०७२ ले अंगीकार गरेको संघीय मोडल त्रुटिपूर्ण छ। अर्थात राष्ट्रिय आकांक्षालाई सम्बोधन गर्ने किसिमको बन्न सकेको छैन। त्यो दश वर्षको अनुभवले पनि पुष्टी भईसकेको छ। तसर्थ, शक्तिशाली राज्य पुनर्संरचना आयोग गठन गरी त्यसले सुझाए बमोजिमको संघीय मोडलमा जानु पर्छ। यसमा हामी प्रतिबद्ध छौ।

## ३) प्रत्येक्ष कार्यकारी आवश्यक छ ?

नेपाल एक बहुलवादी समाज भएको राष्ट्र हो। यसैले केन्द्रीय तहमा कुनै एक व्यक्ति राष्ट्रपति रहने व्यवस्था भन्दा क्लस्टरमा आधारित राष्ट्रपति मण्डल उपयुक्त हुनेछ, जसलाई संसदले चुन्नेछ। कार्यकारी (प्रधानमन्त्री) प्रत्यक्ष निर्वाचित हुने, मन्त्री मण्डल सांसद र गैर सांसदबाट बनाउन सकिने व्यवस्था उचित हुनेछ। यसैगरी प्रदेश तहमा पनि मुख्यमन्त्रीको प्रत्यक्ष निर्वाचन गर्न उचित हुनेछ। हामी यसको लागि सहमत र प्रतिबद्ध छौ।

## ४) भ्रष्टाचार कसरी हटाउने ?

नेपालमा कुशासन, गरीबी, बेरोजगारी, परनिर्भरता र नागरिकहरू विदेश पलायनको अवस्थाको मूल कारण भ्रष्टाचार हो भन्नेमा हामी सबै प्रष्ट छौं। तर पनि भ्रष्टाचार झन्झन् बढ्ने र संस्थागत हुँदै

गएको गम्भीर अवस्था छ। यसलाई हटाउन भ्रष्टाचार विरुद्ध दृढ संकल्पयुक्त राष्ट्रिय नीति सहितको कडा कदम चालिनु अनिवार्य छ। आफ्नो जन्मकालदेखि नै भ्रष्टाचारलाई आर्थिक वा नैतिक अपराध हैन, देशद्रोह सरहको अपराध हो र भ्रष्टाचार नियन्त्रण हैन निर्मूल नै गर्ने राष्ट्रिय नीति लागु गर्नुपर्छ भन्ने अठोट लिएको र जनस्तरमा २०७६ जेठ १५ देखि **भ्रष्टाचार विरुद्ध राष्ट्रिय अभियान** समेत सञ्चालन गर्दै आएको राष्ट्रिय जनमुक्ति पार्टीले आफ्नो शासनको ५ वर्ष भित्रै देशलाई भ्रष्टाचार मुक्त बनाउने घोषणा जनस्तरमै पुगेर गर्दै आएको छ। हाल सम्मका सबै भ्रष्टाचार प्रकरणहरूको छिनोफानो, भ्रष्टाचारीलाई देशद्रोही घोषणा र तिनको सम्पत्ति राष्ट्रियकरण गर्न हामी प्रतिबद्ध छौं।

### ५) देशको औद्योगीकरण कसरी सम्भव छ ?

नेपाललाई औद्योगीकरणको युगमा लैजाने चाहना र घोषणा हामीले गरेका छौं। तर औद्योगीकरणको हाम्रो आफ्नै मौलिक मोडेल हुनेछ। नेपालमै पाइने कच्चा पदार्थमा आधारित उद्योग धन्दाको विकास हाम्रो पहिलो प्राथमिकता हुनेछ। निर्यातमूलक उद्योगलाई लगानी प्रोत्साहन र सुरक्षा सुनिश्चित गरिनेछ। राष्ट्रिय आवश्यक्ता अनुरूपको सामाग्री उत्पादन गर्ने तर कच्चा पदार्थ आयात गर्नु पर्ने अवस्थामा उच्च भन्सार सुविधा प्रदान गरिनेछ। आत्मनिर्भर र निर्यातमूलक औद्योगिक विकासको लागि हामी प्रतिबद्ध छौं।

### ६) लगानी व्यवस्था र वैदेशिक ऋण सम्बन्धमा कस्तो नीति लिने ?

नेपालमा सबै क्षेत्रमा लगानी र खर्चको लागि वैदेशिक ऋण भित्र्याउने परिपाटीले मूलुकलाई गम्भीर संकट तर्फ धकेल्दै छ। अब उप्रान्त अनुत्पादक कार्य वा खर्च प्रयोजनका लागि वैदेशिक ऋण लिने कार्यलाई निरुत्साहित गरिनेछ। उत्पादनजन्य वा प्रतिफल दिने परियोजनाहरूको लागि सरकार, उद्यमी र नागरिकको समान लगानी रहने त्रिपक्षीय अर्थ प्रणालीको मोडेल लागु गर्न हामी प्रतिबद्ध छौं।

### ७) रोजगार र रेमिट्यान्स सम्बन्धमा के गर्ने ?

रोजगारको लागि स्वदेश र विदेशको विकल्पलाई समान रूपमा विकास गरिनेछ। वैदेशिक रोजगारीको शर्त कामको दक्षता, कामदारको आत्मसम्मान र व्यक्तिगत सुरक्षाको प्रत्याभूति अनिवार्य गरिनेछ। यसको लागि राज्य नै जवाफदेही हुने प्रावधान हुनेछ। करकाप, लोभलालच वा भ्रममा पारी वैदेशिक रोजगारीमा लैजाने कार्यलाई जघन्य अपराध घोषित गरी सोही अनुरूप दण्ड सजाय गरिने व्यवस्था हुनेछ। रेमिट्यान्सलाई देशको रचनात्मक विकासमा समाहित गर्ने बारे बहुआयामिक नीति लिईनेछ। विश्वको कुनै पनि ठाउँमा नेपाली नागरिकले आत्मसम्मान गुमाएर, असुरक्षित र अन्यायपूर्ण जीवन बाँच्नुपर्ने अवस्था आउन नदिन हामी प्रतिबद्ध छौं।

### ८) नागरिकताको निरन्तरता कस्तो हुने ?

जुनसुकै मूलुकमा रहेको भएता पनि नेपाली नागरिकता कायम नै राखिनुपर्छ। स्वेच्छाले आफ्नो

नागरिकता परित्याग गरेको अवस्थामा बाहेक कुनै पनि नेपालीको नागरिकता खारेज गरिनु हुदैन। वंशजको आधारमा नेपाली नागरिकताको हक सुनिश्चित रहने प्रावधानका लागि हामी प्रतिबद्ध छौं।

## ९) संविधान पुनर्लेखन जरूरी छ कि छैन ?

नेपालको संविधान-२०७२ मा प्रशस्त कमीकमजोरी अवश्य रहेका छन्। तर संविधानको खारेजी वा अर्को कुनै अन्तरिम संविधानको खोजी सुरक्षित राष्ट्रिय गन्तव्य होईन। सामान्य किसिमको अर्थात् संवैधानिक परिपाटीको संशोधनको प्रकृयाले मात्र पनि समाधान नआउने निश्चित छ। अतः हामीले संविधान जारी भएदेखि नै उठाएको मुद्दा संविधानको पुनर्लेखनलाई पुनः यहाँ स्मरण गराउन चाहन्छौं। संविधानले सुनिश्चित गरेका उपलब्धीलाई स्वीकार गर्दै, कमीकमजोरी हटाएर, छुटेका महत्त्वपूर्ण एजेण्डालाई समावेश गरी संविधानलाई राष्ट्रिय एकताको दस्तावेज बनाउने राजनैतिक विधि भनेको संविधानको पुनर्लेखन नै हो। यसको लागि राष्ट्रिय राजनीतिक सहमतिको आधारमा अघि बढ्न सकिन्छ भन्नेमा हामी प्रष्ट छौं र यसमा हाम्रो इमान्दार प्रयास रहनेछ भन्ने प्रतिबद्धता पनि व्यक्त गर्न चाहन्छौं।

## १०) हाम्रो प्रतिवद्धताः

प्रतिनिधि सभाको निर्वाचन - २०८२ को सन्दर्भ पारेर राष्ट्रिय जनमुक्ति पार्टीको तर्फबाट नेपाली नागरिकहरूसंग संवाद गर्न चाहेको मुख्य विषय यिनै हुन्। राष्ट्रिय जनमुक्ति पार्टी भनेको ०४७ मा स्थापना भई २०४८ को पहिलो संसदीय निर्वाचनदेखि निरन्तर लोकतान्त्रिक अभ्यासमा प्रतिबद्ध रहँदै आएको एक जिम्मेवार र अनुभवी राजनैतिक दल भएकोले यसले प्रत्येक निर्वाचनमा आफ्नो घोषणा पत्र जनसमक्ष राख्दै आएको छ। हामी यो निर्वाचनमा यस अघिका सबै राष्ट्रिय निर्वाचनहरूमा राष्ट्रिय जनमुक्ति पार्टीको तर्फबाट जनसमक्ष पेश गरिएको घोषणा पत्र (विशेषतः प्रतिनिधि सभाको निर्वाचन २०७९ को घोषणा पत्र) मा उल्लेख आफ्नो प्रतिबद्धताहरूप्रति पनि पुनःप्रतिबद्धता जाहेर गर्न चाहन्छौं।

पुनश्चः यो **नागरिक सम्बोधन-पत्र** मार्फत प्रस्तुत गरिएको हाम्रो दृष्टिकोण अनुसारको राष्ट्रिय एजेन्डामा खुलेर बहस, छलफल, अन्तरकृया गर्न, सन्देश प्रवाह गर्न र आफ्नो नागरिक दायित्व पुरा गर्न हामी जोडदार आह्वान गर्दछौं। नेपाली नागरिकहरूले अहिलेको निर्वाचनमा '**हात मिलाएको**' चिन्हमा मतदान गर्नु भएमा, सदन र सरकारमा र आवश्यक्ता अनुसार सडकमा समेत आफूलाई सशक्त रूपमा नागरिकका सच्चा पहरेदारको रूपमा अगाडि बढाउने समेत प्रतिबद्धता व्यक्त गर्दछौं।

२०८२ माघ १६ गते (शहीद दिवस)।

टोप अस्लामी
(महासचिव)

**केशव सूर्यवंशी**
(अध्यक्ष)

मुद्रणः शुलभ अफसेट प्रेस, बुटवल # 9846128184